# लोक सेवा आयोग
## निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, पाँचौं, प्रधान सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०८१।०६।१३

पत्र : प्रथम
समय : २ घण्टा | पूर्णाङ्क : १००

### विषय : सामान्य ज्ञान, गणित र व्यवस्थापन

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**विषयगत** **समयः १ घण्टा १५ मिनेट**

**अङ्कः ५०**

**खण्ड 'क'** **२५ अङ्क**

१. A र B दुई वटा पाइपले एक ट्यांकी पानी क्रमशः २४ र ३० मिनेटमा भर्न सक्छन् । यदि दुवै पाइप सँगसँगै खोलिएको ८ मिनेटपछि A पाइप बन्द गरियो भने जम्मा कति समयमा सो ट्यांकी पूरै भरिएला? हिसाब गर्नुहोस् । ५

२. अमनको खर्च बिमलको भन्दा ३० प्रतिशत बढी र बिमलको खर्च अमनको भन्दा १० प्रतिशत कम छ । यदि उनीहरूको खर्चको योगफल रू. ६४४७ हुन्छ भने अमनको खर्च कति हुन्छ? पत्ता लगाउनुहोस् । ५

३. निश्चित वार्षिक चक्रीय ब्याजदर (Compound Interest Rate) ले कुनै धनको मिश्रधन (Amount) २ वर्षमा रू. १४,५२० र ३ वर्षमा रू. १५,९७२ हुन्छ भने ब्याजदर (Interest Rate) र मूलधन (Principal) कति हुन्छ? पत्ता लगाउनुहोस् । ३+२=५

४. तल दिइएको तथ्यांकका आधारमा स्तरीय भिन्नताको गुणांक (Coefficient of Standard Deviation) र विचरणशीलताको गुणांक (Coefficient of Variation) पत्ता लगाउनुहोस् । ५

| श्रेणी अन्तर (Class Interval) | 60-63 | 63-66 | 66-69 | 69-72 | 72-75 |
|---|---|---|---|---|---|
| बारम्बारता (Frequency) | 5 | 18 | 42 | 27 | 8 |

५. राम र रीताले दुई जना उम्मेदवार माग गरिएको विज्ञापनमा एउटै पदको लागि अन्तर्वार्ता दिन्छन् । उक्त अन्तर्वार्ताबाट राम छनौट हुने सम्भावना २/३ र रीता छनौट हुने सम्भावना १/३ छ भने दुवै जना छनौट नहुने सम्भाव्यता कति होला? पत्ता लगाउनुहोस् । ५

**खण्ड 'ख'** **२५ अङ्क**

६. व्यवस्थापनको परिचय दिंदै यसका मुलभूत कार्यहरू (Basic Functions) लेख्नुहोस् । १+४=५

७. निर्णय प्रक्रियाका मुख्य मुख्य चरणहरू के के हुन्? वर्णन गर्नुहोस् । ५

८. द्वन्द्व व्यवस्थापन र संकट व्यवस्थापनबीच के-कस्तो भिन्नता रहेको छ? छोटकरीमा लेख्नुहोस् । ५

९. Define software and briefly describe its main types. 1+4=5

१०. What is Cyber Security? Describe. And, briefly explain the benefits of VPN. 2+3=5

:: समाप्त ::